मरिण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कपिलाकोट, सिन्धुली

## प्राविधिक सहायक करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति :- २०७७।०४।२०

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं.०७७/०७८, च.नं.२३, को मिति २०७७।४।१२ को पत्रानुसार यस मरिण गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनहुन अनुरोध छ ।

| क्र. सं. | विज्ञापन नं. | पद | तह | उमेर | संख्या | न्यूनतम शैक्षिक योग्यता | छनौटको किसिम | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|---|---|---|
| १ | १-०७७/०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको | १ (एक) | सिभिल इन्जिनियरिङमा प्रवीणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण | योग्यताक्रमको प्रारम्भिक सूची प्रकाशन र लिखित परीक्षा | ६००।- (छ सय) |

१. अनुभव र सीप :

(क) कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको,

(ख) पुर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलिमा काम गरेको अनुभव, पारस्परिक सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको

२. दरखास्त दिने स्थान :- मरिण गाउँपालिकाको कार्यालय

३. दरखास्त दिने अन्तिम मिति :- २०७७ ।०५।०२ गते

४.छनौटको किसिम :-योग्यताको प्रारम्भिक सूची प्रकाशन र लिखित परीक्षा

५. आवेदन साथ संलग्न कागजातहरु :- आवेदक स्वयम्ले प्रमाणित गरेको देहाय बमोजिमको कागजातको प्रतिलिपिहरु:

(क) नागरिकता

(ख) न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र

(ग) चारित्रिक प्रमाणपत्र

(घ) अनुभव खुल्ने कागजात

(ङ) २ प्रति पासपोर्ट साइजको फोटो

६.सेवा सुविधा :- गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्राक्रिया को दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।

७.अवधि :- करार अवधि आ.व. ०७७/०७८ सम्म हुनेछ । कार्य सम्पादन र मूल्याङ्कनको आधारमा करार अवधि थप्न सकिनेछ ।

८.पदले सम्पादित गर्नुपर्ने कार्यविवरण :- गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया को दफा (९) बमोजिम हुनेछ ।

नोट :- आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण, पाठ्यक्रम लगायत अन्य जानकारी www.pmep.gov.np वा www.marinmun.gov.np मा उपलब्ध छ ।

२०७७।४।२०

विनोद पोखरेल

प्रमुख प्रशासकीय अधिकृत